आज मिति २०८०/१२/०२ गते शुक्रबारका दिन रुपनी गाउँपालिका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसील:

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ लौगी | सदस्य | |
| ३ | श्री लीला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया | सदस्य | |
| ६ | श्री छेदी इसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री राम कुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री तारणी प्रसाद यादव | सदस्य सचिव | |

## प्रस्ताव नं १ लगत प्रमाणिकरण सम्बन्धमा ।

प्रस्ताव नं १ माथि छलफल गर्दा रुपनी गाउँपालिका वडा नं ६ को भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत प्रमाणिकरण गरी अगाडि प्रकृयाको लागि राष्ट्रिय भुमि आयोग जिल्ला कार्य समिति ससरीमा पठाउने निर्णय गरियो ।

अनुसूची -९

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी जग्गा उपलब्ध गराउने प्रतावित विवरण

स्थानीय तहको नाम:-रुपनी गाउकार्यपलिकाको कार्यलय रुपनी , सप्तरी ।

वडा नं. :- ६

मितिः-२०८०/१२/०२

भौगोलिक क्षेत्र (तराई भित्र मधेश /हिमाल तथा पहाड)

जग्गा रहेको स्थानीय क्षेत्र (सहरी /ग्रमाणी बाहेक)

तपशिल

| क्र.स. | निवेदन फारम नं. | कित्ता कोड न. | जग्गाधनीको नाम थर | नागरिकता नं./ जारी जिल्ला जारीमिति | बुबाको नाम थर | नागरिकता नं./ जारीजिल्लाजारीमिति | बाजे/ससुराको नाम थर | नागरिकतानं./ जारी जिल्ला जारी मिति | पति/पत्निको नाम थर | नागरिकता नं./ जारी जिल्ला जारी मिति | अनुमानित क्षेत्रफल (व.मि.) | प्रयोजन | भोगचलन गरेको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | BD२०३३६८४ | ६-BD०१२३ | सुरजी देवी सदा | २०६२/७० सप्तरी २०७०-२-३१ | जिहेबिया सदा | - | कमल सदा | - | श्याम कुमार सदा | १६३०६२/२५४ सप्तरी २०६३-१०-१६ | ०-२-० | बसोबास | १५ | मृत्युदर्ता दिएको छ तर त्यसमा ना.प्र.न उल्लेख नभएको |
| २ | BD२०३२६५९ | ६-BD००५९ | रमिता कुमारी राम | १६-०१-७४-०८७५७ सप्तरी २०७४-८-५ | उपेन्द्र राम मोचि | - | जय लाल राम | ९४६३१७९६ सप्तरी २०३४ | संजय कुमार राम | १६-०१-६९-०२९९९ सप्तरी २०५९-९-१९ | ०-०-१० | बसोबास | २० | |
| ३ | BD२०३२६८२ | ६-BD००५३ | जय लाल सदा | १६१०६२/१७५ सप्तरी २०६६/६/२२ | नन्द लाल सदा | ९४६३३५२१ सप्तरी २०४६-१-१८ | मोति लाल सदा | - | राज कुमारी सदा | १६१०६२/७०० सप्तरी २०७१-१-१६ | ०-२-० | बसोबास | २० | |
| ४ | BD२०३२७२१ | ६- BD-००३५ | पुजोती देवी खंग | १६३०६२/४२० सप्तरी २०६३-१०-१८- | शंकर खग | - | सगम खंग | नागरिता नभएको | गोसाई खंग | ९४६३१७१० | ०-१-० | बसोबास | २० | |
| ५ | BD२०३२८५९ | ६-BD००३० | मजनी देवी सदा | १६३०६२/४४२ सप्तरी २०६३-१०-१२ | जय लाल सदा | - | धनाइ सदा | ९४६३३५५४ | पलट सदा | ९४६३३५५२ सप्तरी २०४६-१-१८ | ०-१-० | बसोबास | १२ | |
| ६ | BD२०३२८५० | ६-BD००२९ | सोमित्र देवी सदा | १६१०६२/२८२ सप्तरी २०६८-३-७ | डमर सदा | - | सुकल सदा | ८०४४२१२११८ सप्तरी २०४४-११-१७ | झमेली सदा मुसहर | १६३०६२/१०३ सप्तरी २०६३-१०-१५ | ०-०-२ | बसोबास | १२ | |
| ७ | BD२०३२७८९ | ६-BD००३४ | सन्जीत खंग खत्वे | १६-०१-७८-०१०२३ सप्तरी २०७८-४-४ | सत्य नारायण खंग | ९४६३१६९० | हेमन खंग | - | बबिता कुमारी मण्डल | १६-०१-७९-११५९४ सप्तरी २०७९-११-१९ | ०-१-० | बसोबास | २० | |
| ८ | BD२०३२५७७ | ६-BD [illegible] | पर्मिला देवी सदा | १६२०६२/२६६ सप्तरी २०६३-१०-१७ | दिमाई सदा | | नगदेन सदा | ९८६२०५-७ सप्तरी २०४४-१२-२-३ | मेघनाथ सदा | ४०६५ सप्तरी २०५४-४-२८ | ०-०-५ | बसोबास | २० | |
| ९ | BD२०३३६६९ | ६-BD०१२२ | सुनिता कुमारी सदा | १६३०६१/१५९ सप्तरी २०६३-१०-११ | कमल सदा | - | कैलिया सदा | - | प्रतिमा सदा | १६१०२२/२२२ सप्तरी२०६६-३-२२ | ०-०-१० | बसोबास | २० | मृत्युदर्ता दिएको छ तर त्यसमा ना.प्र.न उल्लेख नभएको |
| १० | BD२०५८३४० | ६-BD०२०४ | उर्मिला देवी राम | १६१०६२/१५४ सप्तरी २०६६/१२/२६ | किशन मोचि | - | जय लाल राम मोचि | ९४६३१७९६ सप्तरी २०३४साल | शिव कान्त राम | ७०८६ सप्तरी २०६१-५-१६ | ०-१-० | बसोबास | २० | |

आज मिति २०८०/१२/०८ गते विहिवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | [signature] |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | [signature] |
| ३ | श्री लिला यादव | सदस्य | [signature] |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | [signature] |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | [signature] |
| ६ | श्री छेदी ईसर | सदस्य | [signature] |
| ७ | श्री गंगाराम यादव | सदस्य | [signature] |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | [signature] |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | [signature] |
| ११ | श्री अनार देवी पासमान | सदस्य | [signature] |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | रामकुमारी |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | पुनिता |
| १५ | श्री तारणी प्रसाद यादव | सचिव | [signature] |

**प्रस्ताव नं.१ भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।**

प्रस्ताव नं.१ माथी छलफल गर्दा यस रुपनी गाउँपालिकाको सीमाना भित्र रहेका स्थानीय आवश्यकता,नापी विभागबाट प्रास डाटा तथा भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड २०८० लाई आधार लिई भू-उपयोग ऐन,२०७६ मा उल्लेख भएका कृषि क्षेत्र,आवासीय क्षेत्र,व्यवसायिक क्षेत्र ,औधोगिक क्षेत्र, खानी तथा खनीज क्षेत्र ,वन क्षेत्र ,नदी खोला ,ताल सिमशार क्षेत्र ,सार्वजनिक उपयोगको क्षेत्र ,सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र अन्य क्षेत्रहरुमा वर्गीकरण गर्नको लागि यस रुपनी गाउँपालिका र परामर्श दाता कम्पनी श्री बियोंड इमाजिलनेसन कन्स्ट्रकसन प्रा.लि.बीच भएको सम्झौता बमोजिमको कार्य परामर्श दाता कम्पनीले सम्पन्न गरी पेश गरेको प्रारम्भिक प्रतिवेदन माथी छलफल गरि उक्त प्रतिवेदन गरी प्रारम्भिक चरणका कार्य (ततकाल किता काट) गर्नका लागि सम्बन्धित नापी कार्यालय ससरीलाई पठाउने निर्णय गरियो । साथै अन्य निर्णयहरु आवश्यक भएपछि आवश्यकता अनुसार जानकारी संशोधनको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ आ.व.२०७९/८० को म.ले.नि.कार्यालयको प्रारम्भिक प्रतिवेदनको बुदा नं. ८१ र ८२ को अनियमितता समपरिक्षण सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा

१.यस पालिकाको आर्थिक वर्ष ०७९/८० को म.ले.प. प्रारम्भिक प्रतिवेदन अनुसार वुदा नम्वर ८१ दरवन्दी भन्दा बढी शिर्षकमा गाउँपालिकाले स्वास्थ्य शाखा अन्तर्गत कार्यरत कर्मचारीहरु स्वीकृत दरबन्दी अनुसार पूर्ण हुदाँ पनि निर्णय गरी दरवन्दी भन्दा बढी देहायका कर्मचारीहरुलाई अन्य पालिकावाट सामायोजनमा बोलाएर कोष तथा लेखा नियन्त्रण कार्यालयवाट १८ नम्वर प्रमाणित नगरी तलव भत्ता भुक्तानी दिएको नियम सम्मत नभएको भनि व्याहेरा जानकारी भएकोमा कर्मचारी सामायोजन मिलान सम्वन्धी मापदण्ड २०७७ तथा स्वास्थ्य सेवाका कर्मचारीहरुको सामायोजन मिलान सम्वन्धी व्यवस्था २०७७ बमोजिम दोहोरो सहमतीको आधारमा स्वास्थ्य मन्त्रालयको सचिव स्तरिय निर्णय अनुसार समायोजन मिलान भएको कार्यालय वाटनै तलव भत्ता भुक्तानी गर्ने निर्णय वमोजिम यस पालिकामा निज कर्मचारीहरु विगत २ बर्ष देखि कार्यरत रहेको र निज कर्मचारीहरुले आर्थिक बर्ष ०७९/८० मा स्वास्थ्य शाखा तर्फ संघिय सरकार ससर्त अनुदान स्थानीय तहका स्वास्थ्य चौकी मा कार्यरत कर्मचारीहरुको तलव,महगी भत्ता, स्थानीय भत्ता,पोषक लगायत प्रशासनिक खर्च समेत शिर्षकमा विनियोजन भई प्राप्त भएको रकम वाट नै सोहि आर्थिक वर्ष भित्रनै तलव भत्ता भुक्तानी भएकोले कोष तथा लेखा नियन्त्रण कार्यालयवाट १८ नम्वर प्रमाणित नगर्नु पर्ने भएको हुदाँ सोहि अनुसार गरिएकोले तलव भत्ता भुक्तानी

दिएको नियम सम्मत भएको हुदाँ उक्त शिर्षकको समपरिक्षणकोलागि महालेखा परिक्षण कार्यालयमा पठाउने निर्णय गरियो ।

तपसिल :

| सि.न. | कर्मचारी नाम | पद | बार्षिक भुक्तानी | |
|---|---|---|---|---|
| १ | तारणी प्रसाद यादव | सि.अ.हे.व. | ७४१४८१ | |
| २ | राज नारायण यादव | सि.अ.हे.व. | ७४१४८१ | |
| ३ | नारायण प्रसाद चौधरी | सि.अ.हे.व. | ३९९२५९ | |
| ४ | राम कुमार भगत | सि.अ.हे.व. | ७४१४८१ | |
| ५ | प्रमिला खेरवार | सि.अ.हे.व. | ५९७१२२ | |
| जम्मा | | | ३२२१६२४ | |

२. यस पालिकाको आर्थिक वर्ष ०७९/८० को म.ले.प. प्रारम्भिक प्रतिवेदन अनुसार वुन्दा नम्वर ८२ काज कर्मचारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७९।५।१९ को निर्णय अनुसार सि.अ.हे.व. छैठौ लाल बहादुर राउतलाई मिति ०७९।५।१ गते देखि मासिक रु.६४८७२।३० तलव भत्ता दिने गरि रुपनी गाउँपालिकामा काजमा खटाएकोमा नियमानुसार काजमा वढीमा ६ महिना सम्म खटाउन पाउने र त्यस पछी आवश्यक्ता अनुसार म्याद थप गरि निरन्तरता दिनु पर्ने व्यवस्था छ । पालिकाले म्याद नथपिकन तथा कोष तथा लेखा नियन्त्रण कार्यालय वाट १८ नम्वर प्रमाणित नगरिकन निजलाई लेखा परिक्षण अवधी सम्म पनि काजमा यथावत राखी तलव भत्ता भुक्तानी दिदै आइयो । सि.अ.हे.व. छैठौ लाल बहादुर राउतको काज म्याद मिति ०७९ पुष मसान्तमा नै सकिएकोले निजको दरवन्दि भएको कार्यालयमा फिर्ता पठाउन आ.व २०७९।८० मा निजलाई बढी अवधीको भुक्तानी नियम विपरित भएको भनि व्यहोरा जानकारी भएकोले निज लाल बहादुर राउत लाई श्री स्वास्थ्य मन्त्रालयको मिति २०७६।३।१३ गतेको समायोजनको पत्र अनुसार स्वास्थ्य मन्त्रालयमा पुल फाजिल दरवन्दिमा परेको हुदाँ निजलाई स्वास्थ्य मन्त्रालयको मिति ०७९।५।२० को पत्र अनुसार समायोजनमा फरक नपर्ने गरी समायोजन भएकै तहमा दरवन्दि रहने गरि काजको म्याद समेत नतोकि रुपनी गाउँपालिकामा खटाएकोले ६ महिना पछी म्याद थप नगरेको साथै निजले स्वास्थ्य शाखा तर्फ संघिय सरकार ससर्त अनुदान स्थानीय तहका स्वास्थ्य चौकी मा कार्यरत कर्मचारीहरुको तलव,महगी भत्ता, स्थानीय भत्ता,पोषक लगायत प्रशासनिक खर्च समेत शिर्षकमा विनियोजन भई प्राप्त भएको रकम वाट नै सोहि आर्थिक वर्ष भित्रनै तलव भत्ता भुक्तानी भएकोले कोष तथा लेखा नियन्त्रण कार्यालयवाट १८ नम्वर प्रमाणित नगर्नु पर्ने भएको हुदाँ सोहि अनुसार गरिएकोले तलव भत्ता भुक्तानी दिएकोनियम सम्मत भएको हुदाँ उक्त शिर्षकको समपरिक्षणकोलागि महालेखा परिक्षण कार्यालयमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३,सम्परिक्षण सम्वन्धमा ।

निर्णय नं.३, प्रस्ताव नं ३ माथी छलफल गर्दा म.ले.प.को प्रारम्भिक प्रतिवेदनको सि.न.५०मा उल्लेख भए वमोजिम यस कार्यालयमा कार्यरत ई.सुनिल कुमार यादवको हकमा निजामति सेवा ऐन,२०४९वमोजिम दरवन्दि अनुसार रिक्त दरवन्दिमा संघिय मामिला तथा समान्य प्रसाशन मन्त्रालयको च.नं.१६९५ मिति २०७७/११/२६को पत्रवाट यस रुपनी गा.पा.को च.न.१८१९ मिति २०७९/२/३०को निर्णयणुसार रिक्त दरवन्दिमा पदस्थापना गरिएकोले निज सुनिल कुमार यादवलाई तलव भत्ता दिन उचित देखिएकोले निजले यस कार्यालयवाट खाएको तलव भत्ता नियमित देखिएकोले सम्परिक्षणको लागी पठाउँने निर्णय गरियो ।

आज मिति २०८०/१२/१५ गते विहिवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री तारणी प्रसाद यादव | सचिव | |

## प्रस्ताव नं १ बेरुजु फछ्र्यौंट तथा सम्परिक्षण सम्बन्धमा ।

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाबाट आ.व. २०७७/०७८ मा स्यानिटरी प्याड खरिद सम्बन्धमा शीलबन्दी दरभाउ पत्र मार्फत स्यानिटरी प्याड खरिदको प्रक्रिया अगाडा बढाई भुक्तानी भएकोमा महालेखा परिक्षकको कार्यालयबाट लेखापरिक्षण भइ लेखापरिक्षणको प्रतिवेदनको बुंदा नं. २५.४ मा खरिद सम्बन्धी विषयमा बेरुजु जनाएको र आपुर्तिकर्ताले मिति २०८०/१२/१५ गतेको निवेदन साथ सम्झौता रकमको व्याज सहिति रु. २३२२०००।०० (तेईस लाख वाईस हजार) बेरुजु खातामा दाखिला गरेको जानकारी पेश गरेको हुदाँ सो बेरुजु फछ्र्यौंट गरियो । फछ्र्यौंट भएको उक्त बेरुजुको लगत कट्टा गरी सम्परिक्षणको लागि गाउँपालिकाबाट महालेखा परिक्षकको कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं २ हरित पार्क तथा पिकनिक स्पोर्ट सम्बन्धमा ।

प्रस्ताव नं २ माथि छलफल गर्दा रुपनी गाउँपालिका वडा नं. १ अन्तर्गत कदम हटिया देखि पश्चिम रहेका छोटकी खोलाको वरिपरी हरेका सार्वजनिक जग्गामा यहाका जनताहरुको लागि स्वक्छ हावापानी खान विहान बेलुका व्याम गर्न तथा आवश्यक्ता अनुसार पिकनिक गर्न अति आवश्यक रहेकोले नगर विकास कोष काठमाण्डौ सँग हरित पार्क तथा पिकनिक स्पोर्ट निर्माण गर्न बजेट माग गर्ने निर्णय गरियो ।

आज मिति २०८०/१२/२६ गते सोमबारका दिन रुपनी गाउँपालिका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसील:

| क सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ लौगी | सदस्य | |
| ३ | श्री लीला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया | सदस्य | |
| ६ | श्री छेदी इसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री राम कुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री तारणी प्रसाद यादव | सदस्य सचिव | |

**<u>प्रस्ताव नं १  बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि २०८० सम्बन्धमा ।</u>**

प्रस्ताव नं १ माथि छलफल गर्दा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि २०८० पारित गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं २  बेरोजगार फारम स्वीकृति गर्ने सम्बन्धमा।</u>**

प्रस्ताव नं २ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व.२०८१-०८२ का लागि न्यूनतम रोजगारमा संल्गन हुनको लागि विभिन्न वडामा आवेदन भरिएका आवेदकको संख्या२८४जना वास्तविक वेरोजगार रहेकोले स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ३ सीप तालिम संचालन निर्देशिका सम्बन्धमा ।</u>**

प्रस्ताव नं.३ माथी छलफल गर्दा सीप तालिम संचालन निर्देशिका मस्यौदा (गाउँपालिका/नगरपालिका) माथि पहिलो चरणमा अध्ययन तथा आवश्यक्ता अनुसार छलफल गरी समृद्धि कार्यक्रमलाई मस्यौदा परिमार्जनको लागि मार्गदर्शन दिने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ४ धान बीउ खरिद सम्बन्धमा ।</u>**

प्रस्ताव नं.४ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका भौगोलिक तथा बातावरणीय अवस्था अनुसार किसानहरुले बढीं मात्रामा सोना र B.B.-11 कान्छी जातको धान लगाउने भएकोले सोही जातको बीउ खरीद गरी वितरण गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ५ बाटो फराकिलो तथा शान्ती सुरक्षा सम्बन्धमा ।</u>**

प्रस्ताव नं.५ माथी छलफल गर्दा रुपनी गाउँपालिका वडा नं ४ छपकी भथौलमा वडा कार्यालयको सूचना अनुसार वडा समिति लगायत राजनीतिक दलका प्रतिनिधिहरु सार्वजनिक रुपमा बसी छपकी भथौलको मूल बाटोहरु ८ मीटर कायम गरी फराकिलो गर्ने भनी निर्णय भए बमोजिम वडा कार्यालयबाट सार्वजनिक सूचना प्रकाशन गरिएकोले सो सूचनाको म्याद समाप्त भए पश्चात फराकिलो गर्नु पर्ने ८ मीटर भित्र रहेका घर टहरा रुख लगायत नहटाएमा वडा कार्यालय मार्फत सो कार्य गर्ने गराउने र आवश्यक परेमा शान्ती सुरक्षाको लागि गाउँपालिकाको सिफारिसमा जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धीत निकायमा पत्र लेखी

पठाउने निर्णय गरियो । साथै यस रुपनी गाउँपालिकाका १ देखी ६ नं वडा भित्रका सडक बाटोमा रहेका गोबर भुष निर्माण सामग्री तथा अन्य बाटो अवरोद्ध हुने सर सामग्रीहरु हटाई बाटो खुल्ला गर्ने सो कार्यमा अवरोद्ध पुर्याउने व्यक्ति संघ संस्थाहरुलाई गाउँपालिकाको सिफारिसमा प्रहरी परिचालन गरी खुल्ला गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ६ बिशेष गाउँसभा सम्बन्धमा ।</u>**

प्रस्ताव नं.६ माथी छलफल गर्दा गाउँसभा सदस्यज्यूहरुबाट माग निवेदन अनुसार चालु आ व २०८०/८१ को विनियोजन बजेट तथा कार्यक्रम छलफल तथा संशोधन गर्नुपर्ने भएको हुँदा विशेष गाउँसभा मिति २०८१/०१/०७ गते शुक्रबार बोलाउने निर्णय गरियो ।